नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
**कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर**
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☎ ०१-५७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

सूर्यविनायक न.पा.-५, चुनदेवी
भक्तपुर

# सूचना नं.: ०२

कार्यक्रम कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालन हुने

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि म्याद थप गरी सूचना प्रकाशन

**(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०५/११)**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, भक्तपुरको चालु आ.व. ०८२\८३ को मिति २०८२/०४/०८ गते प्रकाशित स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनका लागि प्रकाशित सूचना नं १-सुचिकृत हुन तथा कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना (अन्तिम मिति :२०८२\०५\११। को बुदा नं. ८ को कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनार्थ कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भए अनुसार योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित मिति २०८२/०५/१८ गते भित्र यस कार्यक्रम कार्यान्वयन एकाइ मा अनुसूची -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची -३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्वन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

<u>तपसिल :</u>

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम को संचालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/ वस्तु कियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

**कार्यक्रम सञ्चालन गर्न सकिने बाली / वस्तु कियाकलापहरु**

१. तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण ।
२. बीउ बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।
३. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात
४. च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।
५. मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण ।
६. अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण।
७. मौरीपालन व्यवसाय र मह प्रशोधन ।
८. जौ, फापर, सिलाम, कोदो चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण ।
९. प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण ।
१०. बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय ।
११. फलफूल प्रशोधन र बजारीकरण ।
१२. खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन ।
१३. ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन भण्डारण
१४. साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन।
१५. घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय ।
१६. अर्गानिक कृषि निर्यात ।
१७. व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन
१८. जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन प्रशोधन तथा बजारीकरण ।

<u>निवेदन साथ संलग्न कागजातहरु</u>

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।

२०८२/५/११
चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि ( जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि ) ।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु ।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र ।

(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

(८) स्थानीय तहको कृषि / पशु शाखाको सिफारीस पत्र ।

पुनश्चः फार्म, कृषक समूह वा सहकारीमा आबद्ध नभएका १६-४० वर्ष उमेर समूहका नेपाली नागरिकले स्थायी लेखा नम्बर (PAN) र नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटो सहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन दिन सक्नेछन् ।

२०८२/८/११

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

आवेदन पेश गर्ने कार्यालय:
परियोजना कार्यान्वयन एकाइ- भक्तपुर,
सुर्यविनायक न.पा.-५, चुनदेवी, भक्तपुर
सम्पर्क नंबर : ०१-५७०८१००
सूचना अधिकारी : ९८५११४२१३१